# श्री धर्म संस्था

(राम स्वरुप साह, राम सागर सह)
स्थापना : वि.सं. २००१ साल — फोन.नं.०४१-५९०५९३
मिल्स एरिया ज.उ.म.न.पा - १, धनुषा — shreedharmsanstha997@gmail.com

## भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति २०८० तथा सुनौलो प्रमाण - पत्र (गोल्डेन सर्टिफिकेट) प्रदान सम्बन्धी सुचना

१. वि.स. २००१ सालमा बन्धेज पत्रको आधारमा स्थापित भई वि. सं. २०४६ सालमा श्री जि.प्र.शा. का. धनुषाबाट विधिवत रुपमा दर्ता भै संचालनमा रहेको श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह) जिल्ला धनुषा ज.उ.म.न.पा. १. द्वारा वि.स. २०६४ सालबाट प्रदान गरिदै आएको **"भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति"** कार्यक्रम अन्तर्गत सप्तरी ,सिरहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका सामुदायिक विद्यालयहरुबाट वि. स. २०७९ सालको एस. ई.ई. परीक्षामा GPA.2.4 वा सो भन्दा वढी अंक प्राप्त गरेका ३-३ जना विद्यार्थीहरुलाई कार्यसमितिको निर्णय तथा छात्रवृति उपसमितिद्वारा निर्धारित नियम तथा छनौटका आधारमा **"भैरव साह-लक्ष्मिनीया देवी छात्रवृति २०८०"** तथा सम्वन्धित विद्यालयलई समेत सम्मान गरिने भएको हुंदा ईच्छुक विद्यार्थीहरुलाई मिति २०८०/०६/१४ गते देखि २०८०/०६/२९ गते सम्ममा संस्थाले उपलब्ध गराएको निवेदन फारम भरी संस्थामा बुझाउनको लागि सम्वन्धित सवैलाई जानकारीको लागि अनुरोध गर्दछौ ।

२. **"भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति २०८०"** वितरण कार्यक्रमको अवसरमा सप्तरी सिरहा, धनुषा, महोत्तरी सर्लाही र रौतहट जिल्लाका छात्र छात्राहरु मध्येबाट २०७९ सालको एस.ई.ई. परीक्षामा सार्वधिक अंक प्राप्त गर्ने प्रत्येक जिल्लाका एक जना छात्र र एक जना छात्रालाई समेत **"सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट)"** प्रदान गर्नुको साथै सम्वन्धित विद्यालयलाई समेत सम्मान गरिने हुंदा सम्वधित जिल्लाहरुका सामुदायिक वा निजि विद्यालयहरु का छात्रछात्राहरुले मिति २०८०/०६/१४ गते देखि २०८०/०६/२९ गते भित्र संस्थावाट उपलब्ध निवेदन फारम भरी संस्थामा बुझाउनको लागि सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

**निवेदन फारम उपलब्ध हुने सम्पर्क स्थानहरु :**

१. धनुषा जिल्ला :-
   (क) श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह),को कार्यालय मिल्स एरिया ज.उ.म.न.पा. १

२. सिरहा जिल्ला :-
   (क) शिक्षा विकास तथा समन्वय इकाई, सिरहा, फोन नं. ०३३- ५२०००४
   (ख) श्री सीता नोबेल न्यूज सेन्टर, लहान - १, सिरहा

३. महोत्तरी जिल्ला :-
   (क) शिक्षा विकास तथा समन्वय इकाई, महोत्तरी । फोन नं. ....................
   (ख) शान्ति अटो एण्ड ट्रेडिङ्ग वर्दिवास, .........रामगोपालपुर महोत्तरी फोन नं. ०४४ - ५५०५५२

४. शिक्षा विकास तथा समन्वय इकाई, सप्तरी

३. नतिजा प्रकाशन : मिति २०८०/०६/१६ गते

**नोट : विद्यार्थीहरुले संस्थाको Email आईडिमा मा पनि फर्म पठाउनु हुने छ । shreedharmsanstha997@gmail.com**

**छात्रवृति उप- समिति**
**श्री धर्म संस्था**
**ज.उ.म.न.पा.-१,धनुषा**
**फोन.नं.०४१-५९०५९३**
**shreedharmsanstha997@gmail.com**

**छात्रवृति उपसमितिका पदाधिकारीहरुको सम्पर्क नम्वरहरु :**

(क) संयोजक - लक्ष्मण प्र. साह मो.नं.९८४४०५२११७
(ख) सदस्य - गौरी शंकर साह मो.नं. ९८१२१४०२८५
(ग) सदस्य -ध्रुव नाराण साह मो.नं. ९८५४०२०४४६
(घ) सदस्य- विनोद कुमार साह मो.नं. ९८५४०२०१७७
(ङ) सदस्य- कृष्ण कु.दिक्षित मो.नं. ९८०१६२०४२६

**श्री धर्म संस्था**

(राम स्वरुप साह, राम सागर साह)

स्था. वि.सं. २००१ साल

मिल्स एरिया, ज.उ.म.न.पा - १, धनुषा

## "भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति २०८०"

## तथा सुनौलो प्रमाण - पत्र

## वितरण कार्यक्रमको नियम तथा छनौटका आधारहरु

**उपरोक्त छात्रवृति तथा सुनौलो प्रमाण पत्र प्रदान गर्नका निमित योग्य उम्मेदवारहरुको लागि देहाय बमोजिमको छनौट आधारहरु हुने छन् :**

१. वि. सं. २०७९ सालको नियमित एस.इ.इ परीक्षामा धनुषा, महोत्तरी ,सिरहा सप्तरी ,सर्लाही र रौतहट जिल्लाका सामुदायिक विद्यालयहरुबाट GPA .2.4 वा सो भन्दा वढी अंक ल्याइ उत्तीर्ण गरेका विद्यार्थीहरु मात्र सो निवेदन दिनको लागि योग्य मानिने छन्

२. सम्वन्धित विद्यार्थीहरुले मिति २०८०/०६/१४ गते देखि २०८०/०६/२९ गते सम्म निवेदन फारम भरी आवश्यक कागजातहरु सहित बुझाउनु पर्नेछ ।

३. तोकिएको समयभित्र प्राप्त निवदेनहरु मध्ये धनुषा, महोत्तरी ,सिरहा,सप्तरी, सर्लाही र रौतहट जिल्लाका उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरु मध्येबाट तीन/तीन जनालाई "भैरव साह -लक्षिमिनीया देवी छात्रवृति - २०८०" अन्तर्गत निम्नानुसार को पुरष्कार राशी र प्रमाणपत्र प्रदान गरिने छ । तर प्राप्तंकको आधारमा छात्र मात्र छानिने अवस्था आएको खण्डमा तृतिय स्थानको छात्रलाई हटाई त्यस स्थानमा प्रत्येक जिल्लाबाट छात्राहरुमध्ये वढि अंक ल्याउने छात्रालाई नै अनिवार्य रुपमा छात्रवृतीको लागि छनौट गरिने छ ।

**(क) प्रथम पुरस्कार रु २५,०००।०० (अक्षरेपी - पच्चिस हजार रुपैया मात्र) र प्रमाण - पत्र**

**(ख) द्वितिय पुरस्कार रु २२,०००।०० (अक्षरेपी - वाइस हजार रुपैया मात्र) र प्रमाण - पत्र**

**(ग) तृतिय पुरस्कार रु २०,०००।०० (अक्षरेपी - वीस हजार रुपैया मात्र) र प्रमाण - पत्र**

**र गोल्डेन सर्टिफिकेट वापत रु १०,०००।०० (अक्षरेपी - दश हजार रुपैया मात्र) र प्रमाण- पत्र**

४. सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट) को लागि २०७९ सालको एस.इ.इ. परीक्षामा सप्तरी,सिरहा,धनुषा,महोत्तरी सर्लाही र रौतहट जिल्लाका सामुदायिक वा प्राइभेट विद्यालयहरुवाट छौ वटै जिल्लाबाट सबभन्दा बढी अंक ल्याई उतिर्ण भएको एक जना लाई **सुनौलो प्रमाण पत्र (गोल्डेन सर्टिफिकेट)** प्रदान गरिनेछ । सो सम्बन्धित निकायवाट प्रमाणित गराई पेश नर्गु पर्नेछ ।

५. छात्रवृति, सुनौलो प्राप्त गर्ने विद्यार्थीहरुलाई समेत प्रमाण पत्र प्रदान गरिनेछ ।

६. छात्रवृति कार्यक्रम सम्बन्धि अन्तिम निर्णय श्री धर्म संस्था कार्यालयको हुनेछ ।

७. रितपूर्वक समयभित्र प्राप्त निवेदनहरु माथि मात्र बिचार गरिने छ ।

८. निवेदन फारम निः शुल्क उपलब्ध हुनेछ ।

९. निवेदन जम्मा गर्ने मिति २०८०/०६/१४ गते देखि २०८०/०६/२९ गते सम्म (विहान ११:०० बजे देखि सांझ ५: ०० बजेसम्म)

१०. छात्रवृति परिणामको घोषण मिति २०८०/०६/१६ गतेमा गरिने छ ।

११. छात्रवृति लिन सफल भएका विधार्थीहरु लाई छात्रवृति लिने मितिको जानकारी गराइनेछ ।

१२. छात्रवृतिको लागि एस.इ.इ.मा प्राप्त कुल अंकलाई आधार मानिने छ । यदि कुल अंक जुध्न गएमा अनिवार्य गणित, विज्ञान तथा अंग्रेजी समेतको कुल अंकमा बढि हुनेलाई छात्रवृति दिइनेछ । तर सो तीनै विषयको कुल अंक बराबरीका स्थितिमा दलित,जनजाती तथा पिछडा वर्ग विधार्थीहरुलाई क्रमशः प्राथमिकता दिइने छ ।



CamScanner

श्री धर्म संस्था
(राम स्वरूप साह, राम सागर सह)
स्थापित वि.सं. २००१ साल
मिल्स एरिया, ज.उ.म.न.पा. -१ धनुषा
**"भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति - २०८०"**
फोन नं. ०४१-५९०५९३
shreedharmsanstha997@gmail.com

१. व्यक्तिगत विवरण :
निवेदकको नाम,थर :- ..........................................................
बाबुको नाम, थर :- ..........................................................
आमाको नाम, थर :- ..........................................................
स्थायी ठेगाना :- जिल्ला. .................. गा.पा/न.पा/उ.म.न.पा ............................ वडा नं...... टोल .....
अस्थायी ठेगाना :- जिल्ला. .............. गा.पा/न.पा./उ.म.न.पा. ........................ वडा नं. .... टोल .......
फोन नं./मो.नं. :- .............................................. / इमेल. ..............................................
जन्म मिति :- ......................................
उमेर :- ......................................
शिक्षा :- ......................................

(क) एस.इ.इ.उतीर्ण गरेको निजी / सामुदायिक विधालयको नाम : ..........................................................
ठेगाना : .................................... सम्पर्क फोन न. (स्कुल वा प्र. अ. को) ..............................
(ख) एस. इ.इ.उर्तीण : वर्ष :- २०७९ साल
(ग) सिम्बल न. :- ..............................
(घ) प्राप्ताङ्क GPA . ............. (2.4 वा सो भन्दा माथि)

२. कार्यक्रमको नाम : (सम्बन्धित कार्यक्रममा ( √ ) लागाउनु पर्ने छ :
(क) भैरव साह - लक्ष्मिनीया देवी छात्रवृति - २०८० ☐
(ख) सुनौलो प्रमाण - पत्र प्रदान गरिने कार्यक्रम - २०८० ☐

३. छात्रवृति सम्बन्धि जानकारी भएका माध्यम : पत्रिका/ एफ. एम. / केबुल/ जि. शि.स.ई/ अन्य ..........................

४. **संलगन कागजातहरु :**
(क) आफुले प्राप्त गरेको एस. इ. इ. को लब्धाङ्क पत्र,(मार्कसिट)को फोटोकपी ।
(ख) आफुले प्राप्त गरेको चारित्रिक प्रमाण पत्रको फोटोकपी ।
(ग) बुवा वा आमा वा अभिभावक वा स्वयं विधार्थीको नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपी ।
(घ) निवेदन फारममा टाँस गरिएको बाहेक हालसालै खिचेको ३ तीन प्रति फोटो निवेदन साथ पेश गर्नु पर्नेछ ।

५. निवेदन फारम नि : शुल्क उपलब्ध हुनेछ ।

६. श्री धर्म संस्था (राम स्वरुप साह, राम सागर साह) द्वारा "भैरव साह - लक्ष्मिनिया देवी छात्रवृति - २०८०" तथा "सुनौलो प्रमाण पत्र वितरण कार्यक्रम " का लागि निर्धारित सम्पूर्ण नियम तथा छनौटका आधारहरु मलाई मन्जुर छ ।

नोट : बुँदा न. ४ को क,ख,ग मा उल्लेख गरिएको माग अनुसारका कागजातहरुको सक्कल प्रमाण पत्रहरु " प्रमाण पत्र वितरण कार्यक्रम" मा अनिवार्य लिएर आउनु पर्ने छ ।

ईति सम्वत् २०.............. साल .............. महिना ................. गते .............................. रोजमा शुभम्

निवेदक

..............................
विधार्थीको हस्ताक्षर